# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 01.05.2025**

---

***May Day***

सारा विश्वमा आज अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइयो।

यस दिनको उद्देश्य श्रमिक वर्गको योगदानलाई सम्मानित गर्नु र उनीहरूको अधिकारलाई प्रोत्साहित गर्नु हो।

श्रमिक आन्दोलन र विभिन्न देशहरूका अर्थव्यवस्थामा काम गर्नेहरूको योगदानलाई रेखाङ्कित गर्नका लागि प्रत्येक वर्ष पहिलो मईका दिन श्रमिक दिवसको रूपमा मनाइन्छ। यस दिनलाई ग्लोबल वर्कर्स डे वा मई दिवस पनि भनिन्छ।

यता सिक्किम राज्यमा, गान्तोक नजीकै सोच्याकगाङ STNM अस्पतालमा आज जिल्ला स्तरीय जागरूकता कार्यक्रम आयोजित भयो।

असंगठित क्षेत्रका श्रमिकहरूका लागि श्रम कानुन सम्बन्धमा आयोजना गरिएको कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै विधायक कला राईले श्रमिक पञ्जीकरणलाई ब्यापक बनाउने दिशातर्फ सरकारले लगातार प्रयास गरिरहेको कुरो बताउनुभयो।

उहाँले विभिन्न सरकारी योजनाहरू अन्तर्गत पञ्जीकृत श्रमिकहरूका लागि उपलब्ध कल्याणकारी सुविधाहरूको उल्लेख गर्नुभयो।

श्रीमकी राईले सबै श्रमिकहरूलाई कार्यक्रममा प्राप्त जानकारीहरूलाई मनमा लिएर उनीहरूको हितमा उपलब्ध गराइएका लाभहरूको उपभोग गर्न प्रोत्साहित गर्नुभयो।

आफ्नो वक्तव्यमा सिङताम नगर पञ्चायतका अध्यक्ष सुरेश तामाङले अन्तर्राष्ट्रिय श्रमिक दिवसको महत्ववारे प्रकाश पार्नुभयो र सम्वन्धित सबेसित श्रमिक पञ्जीकरण पहललआई सकारात्मक रूपले लिने आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो यसको उद्देश्य श्रमिकहरूको दीर्घकालीन कल्याण र सुरक्षा रहेको छ।

कार्यक्रममा सुरक्षा सल्लाहकारको रूपमा उल्लेखनीय योगदानका लागि श्री जिग्मी लेप्चालाई श्रम सम्मान पुरस्कार प्रदान गरियो।

राज्यका अन्य जिल्लामा पनि आज श्रमिक दिवस मनाइयो।

पाकिममा आयोजित जिल्ला स्तरीय समारोहमा सिक्किम श्रम सम्मान प्राप्त गरेपछि सड़क तथा पुल विभागका एकजना कर्मी राजुपति शर्माको मन्तव्य यस्तो थियो।

---

***CM Greetings***

यसैबीच मुख्यमन्त्री प्रेमसिंह तामाङले राज्यका सबै कठोर परिश्रमी मजदूरहरूलाई अन्तर्राष्ट्रिय श्रमिक दिवसको शुभकामना दिनुभएको छ र भन्नुभएको छ सरकारले श्रमिकहरूको हित र आजीविकामा सुधारका लागि कैयौं महत्वपूर्ण पाइलाहरू चालेको छ।

उहाँले सबैसित श्रमको गरिमाको सम्मान गर्दै सशक्त समाजको निर्माणमा एकजूट भएर काम गर्ने आग्रह गर्नुभएको छ।

---

***PM- WAVES***

प्रधानमन्त्री नरेन्द्र मोदीले आज मुम्बईको जिओ वर्ल्ड कन्भेन्शन सेन्टरमा पहिलो वर्ल्ड अडियो भिजुअल एंटरटेनमेन्ट सम्मेलन, वेव्सको उद्घाटन गर्नुभयो।

यस अवसरमा बोल्दै उहाँले भन्नुभयो वेव्स शब्दको तात्पर्थ हो संस्कृति, रचनात्मकता र विश्वसित जोडिने लहर।

श्री मोदीले भन्नुभयो कलाकारहरू र रचनाकारहरूका नयाँ विचारलाई प्रवर्ध्दन गर्ने यो वैश्विक मञ्च हो।

प्रधानमन्त्री भन्नुभयो वेव्स सम्मेलनमा एक सय भन्दा अधिक देशका कलाकार, नवोन्मेषक निवेशक तथा नीति निर्माता एउटै मञ्चमा साथ आएका छन्। वेव्स बजार पहलको प्रशंसा गर्दै उहाँले भन्नुभयो यसले नवोन्मेषकहरू र रचनाकारहरूलाई प्रोत्साहित गर्नेछ।

वेव्स सम्मेलनको उद्घाटन सत्रलाई सम्वोधन गर्दै क्नेद्रीय सूचना तथा प्रसारण मन्त्री अश्विनी वैस्णवले भन्नुभयो यसले नयाँ आर्थिक अवसर सृजित गर्नेछ।

चार मईसम्म चल्ने सम्मेलनको विषय छ कनेक्टिडंग क्रियेटर्स, कनेक्टिङ्ग केंद्रीय कार्यक्रममा पूर्वोत्तर भारतको समृद्ध कलात्मक विरासत पनि प्रदर्शित गरिनेछ।

सिक्किमले आफ्नो जीवन्त तामाङ सेलो र स्नो लाइन नृत्य सिंगि छाम प्रदर्शन गर्ने भएको छ।

---

***Kuzu Festival***

कुजु सांस्कृतिक उत्सव 2025 गान्तोक स्थित सिक्किम राज्य अभिलेखागारमा आजदेखि शुरू भएकोछ।

विधानसभा उपाध्यक्ष राजकुमारी थापाले बिहान अधिकारिक रूपमा उत्सवको शुभारम्भ गर्नुभयो।

त्यसपछि उहाँले हेरिटेज वक तथा कलाकृति Yiwarra, The canning Stock Route प्रदर्शनी पनि शुरू गर्नुभयो।

दस दिनसम्म चल्ने धरोहर पदयात्रामा संस्थानहरू, मौखिक इतिहास र आध्यात्मिक परिवेशको अवलोकन गर्नेछन्। स्थानीय कथावाचकहरूले उनीहरूलाई विविध समुदाय रीतिरिवाज र प्रकृतिसिनको सम्पर्कबारे जानकारी दिनेछन्।

अस्ट्रेलियाका महावाणिज्य दूत ह्यूग बोई लैन द्वारा उद्धाटित अस्ट्रेलियाको राष्ट्रीय संग्रहालयको कला प्रदर्शन Yiwarra पनि श्रीमती थापा सहभागी हुनुभयो।

यो कला प्रदर्शनीमा अदिवासीहरू र क्यानिङ स्टक मार्ग बीच सांस्कृतिक, कलात्मक तथा ऐतिहासिक सम्पर्कबारे जानकारी प्राप्त हुनेछ।

Yiwarra प्रदर्शनी र सिक्किम राज्य अभिलेखागारक कलाकृतिहरू भानु उद्यानमा दस मईसम्म प्रदर्शित गरिनेछ।

---

***Weather***

राज्यमा आज केही बेर पानी पछि फेरि बजारमा मानिसहरू विशेष गरी पर्यटकहरूको चहलपहल निकै देखियो।

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार वितेका चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान सत्र दशमलउ सात डिग्री सेल्सियस र न्यूनतम तापमान बाह्र दशमलउ सात डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागको पूर्वानुमानमा भोलि तामपानमा केही वृद्धि भएर अधिकरम बीस डिग्री सेल्सियस र न्यूनतम तेह्र डिग्री सेल्सियस रहनेछ।

---